# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२ ) काठमाडौं, वैशाख १७ गते २०४६ साल (अतिरिक्ताङ्क ३

## भाग २

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४६ सालको ऐन नं. ४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

27

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## खेलकूदको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : खेलकूदको माध्यमबाट विद्यार्थी तथा सर्वसाधारण जनताको शारीरिक तथा मानसिक विकास गरी सक्षम र अनुशासित नागरिक तयार गर्नको निमित्त खेलकूद सम्बन्धी तालिम संचालन गरी सबै किसिमको खेलकूद आयोजना गर्न तथा अन्तर्राष्ट्रिय स्तरमा हुने खेलकूद प्रतियोगितामा नेपालको उपयुक्त सहभागिता समेतको आवश्यक व्यवस्था गरी खेलकूदको विकास गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "खेलकूद विकास ऐन, २०४८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२ परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "परिषद्" भन्नाले दफा ३ बमोजिम स्थापना भएको राष्ट्रिय खेलकूद परिषद् सम्झनु पर्छ।

(ख) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(ग) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद्को अध्यक्ष, उपाध्यक्ष, सदस्य-सचिव र कोषाध्यक्षलाई समेत जनाउनेछ।

(घ) "सदस्य-सचिव" भन्नाले परिषदको सदस्य-सचिव सम्झनु पर्छ।

(ङ) "खेलकूद विकास समिति" भन्नाले दफा १२ बमोजिम गठित खेलकूद विकास समिति सम्झनु पर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) "खेलकूद सम्बन्धी संस्था" भन्नाले दफा १५ बमोजिम परिषद्मा नाम दर्ता भएको खेलकूद सम्बन्धी संस्था सम्झनु पर्छ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

३. परिषद्को स्थापना : (१) खेलकूदको विकास गर्नको लागि राष्ट्रिय खेलकूद परिषद्को नामले एक परिषद्को स्थापना हुनेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने परिषद्मा देहायका सदस्यहरू रहनेछन्:-

(क) शिक्षा तथा संस्कृति मन्त्री वा राज्यमन्त्री -अध्यक्ष

(ख) राष्ट्रिय वा अन्तर्राष्ट्रिय खेल जगतमा प्रतिष्ठा आर्जन गरेका कम्तिमा दुई जना खेलाडी पर्ने गरी श्री ५ को सरकारबाट मनोनीत बढीमा छ जना -सदस्य

(ग) प्रत्येक विकास क्षेत्रका क्षेत्रीय खेलकूद विकास समितिबाट सिफारिश भई आएका एक एक जना गरी पाँच जना -सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) राष्ट्रिय स्तरका खेलकूद सम्बन्धी संस्थाहरूबाट सिफारिश भई आएका व्यक्तिहरू मध्येबाट अध्यक्षले मनोनीत गरेका तीन जना -सदस्य

(ङ) प्रत्येक मान्यताप्राप्त विश्वविद्यालयका शिक्षाध्यक्ष वा अतिरिक्त क्रियाकलाप विभागका निर्देशकहरू मध्येबाट सम्बन्धित विश्व-विद्यालयले मनोनीत गरेका एक एक जना -सदस्य

(च) प्रतिनिधि, शिक्षा तथा संस्कृति मन्त्रालय -सदस्य

(३) अध्यक्षले सदस्यहरू मध्येबाट परिषद्को उपाध्यक्ष, सदस्य-सचिव र कोषाध्यक्षको नियुक्ति गर्नेछ।

(४) परिषद्ले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई परिषद्को बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) परिषद्को प्रधान कार्यालय काठमाडौंमा रहनेछ।

४. <u>परिषद्को संरक्षक</u> : (१) श्री ५ युवराजाधिराज राष्ट्रिय खेलकूद परिषद्को संरक्षक होइबक्सनेछ।

(२) अध्यक्षले परिषद्को वार्षिक प्रतिवेदन मौसूफमा पेश गर्नेछ।

५. <u>परिषद् स्वशासित संगठित संस्था हुने</u>: (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ।

(२) परिषद्को सबै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ।

(३) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) परिषद्ले व्यक्ति सरह नालिस उजूर गर्न र परिषद् उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

६. <u>पदावधि</u> : (१) मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरूको पुनः मनोनयन हुन सक्नेछ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि दफा ३ को प्रकृया बमोजिम पद पूर्ति गरिनेछ।

(३) पदावधि समाप्त नहुँदै कुनै सदस्यले पद त्याग गर्न चाहेमा अध्यक्ष समक्ष लिखित

25



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राजीनामा पेश गर्नु पर्नेछ। राजीनामा स्वीकृत भएपछि त्यस्तो सदस्य आफ्नो पदबाट मुक्त भएको मानिनेछ।

(४) कुनै सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा परिषद्को सिफारिशमा श्री ५ को सरकारले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ। यस्तो कारवाही गर्दा सम्बन्धित सदस्यलाई सफाई दिने मौकाबाट बञ्चित गरिने छैन।

७. <u>सदस्यको अयोग्यता</u> : देहायको कुनै व्यक्ति सदस्यमा मनोनीत हुन वा बहाल रहन सक्ने छैनः-

(क) गैर नेपाली नागरिक,

(ख) परिषद्मा कार्यरत वैतनिक कर्मचारी,

(ग) साहुको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको, वा

(ङ) मगज बिग्रेको।

८. <u>सदस्यता समाप्त हुने अवस्था</u> : देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछः-

(क) दफा ७ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा,

(ख) सदस्यको पदबाट दिएको राजीनामा स्वीकृत भएमा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) मृत्यु भएमा, वा

(घ) परिषद्लाई कारण सहितको सूचना नदिई लगातार तीन पटक भन्दा बढी परिषद्को बैठकमा अनुपस्थित भएमा।

९. परिषद्को बैठक र निर्णय : (१) अध्यक्षबाट निर्देशन भए अनुसार सदस्य-सचिवले मिति, समय र स्थान तोकी परिषद्को बैठक बोलाउनेछ।

(२) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र निज पनि अनुपस्थित भएमा सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(३) परिषद्को कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) परिषद्को बैठक वर्षको कम्तिमा दुईपटक बस्नेछ।

(५) जम्मा सदस्य संख्याको तीन खण्डको एक खण्ड सदस्यहरूले मनासिब माफिकको कारण देखाई बैठक बोलाइयोस भनी अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले यथाशीघ्र बैठक बोलाउनु पर्नेछ।

(६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन पाउनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) सदस्य-सचिवले बैठकको निर्णय पुस्तिका राख्नेछ।

(८) यस दफामा लेखिए देखि बाहेक बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१०. परिषद्को काम, कर्तव्य र अधिकार : परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खेलकूदको स्तरमा बृद्धि गर्न समय समयमा जिल्ला, क्षेत्र, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका खेलकूदका प्रतियोगिताहरूको आयोजना गर्ने,

(ख) खेलकूद सम्बन्धी प्रतियोगिता वा बैठकमा भागलिन खेलाडी, परिषद्का सदस्य तथा कर्मचारीलाई विदेश पठाउने,

(ग) श्री ५ को सरकारलाई खेलकूद सम्बन्धी कुरामा सल्लाह दिने,

(घ) खेलकूद सम्बन्धी संस्थालाई आर्थिक वा अन्य सहयोग प्रदान गर्ने वा त्यस्तो सहयोगको लागि श्री ५ को सरकार समक्ष सिफारिश गर्ने,

(ङ) शिक्षण संस्थाहरूमा खेलकूद सम्बन्धी प्रशिक्षण, प्रतियोगिता संचालन गर्ने तथा खेलकूदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

32

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



मुद्रण विभाग, सिंहदरबार

(च) खेलकूद सम्बन्धी स्तर बढाउने पुस्तक, पर्चा, स्लाइड, चलचित्र वा भिडियो चलचित्र आदिको लेखक वा निर्मातालाई आर्थिक वा अन्य सहयोग प्रदान गरी प्रोत्साहित गर्ने,

(छ) खेलकूदको उत्तरोत्तर विकासको लागि आवश्यकतानुसार नेपाल अधिराज्यभर रंगशाला तथा खेलकूद मैदानको निर्माण गरी तिनीहरूको संरक्षण तथा रेखदेख गर्ने,

(ज) खेलकूदको विकासको लागि जिल्ला र क्षेत्रीय स्तरमा खेलकूद विकास समिति गठन गर्ने,

(झ) खेलकूद सम्बन्धी संस्थालाई समय समयमा आवश्यक निर्देशन दिने,

(ञ) खेलाडीहरूको स्तरवृद्धि गर्न आवश्यकतानुसार स्वदेशी तथा विदेशी प्रशिक्षकहरूबाट तालिम दिलाउने व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनौट गरी आवश्यकतानुसार विदेशमा समेत तालिम हासिल गर्नको लागि पठाउने,

तर विदेशी प्रशिक्षक झिकाउँदा परिषद्ले श्री ५ को सरकारको पूर्व स्वीकृति लिएको हुनु पर्नेछ।

33



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) खेलाडीहरूलाई आर्थिक सहायता तथा छात्रवृत्ति प्रदान गर्नको लागि श्री ५ को सरकार समक्ष सिफारिश गर्ने,

(ठ) खेलाडीको स्वास्थ्यको संरक्षण गर्नको लागि आवश्यक व्यवस्था गर्ने,

(ड) विभिन्न कारणबाट शारीरिक तथा मानसिक रूपमा विकलाङ्ग हुन पुगेका अपाङ्गहरूको खेलकूदको विकास गर्न तालिम तथा प्रतियोगिता संचालन गर्ने व्यवस्था गर्ने र आवश्यकतानुसार त्यस्तो खेलकूदको महत्वको सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(ढ) खेलकूदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरू गर्ने गराउने।

११. समिति वा उपसमिति गठन गर्न सक्ने : (१) परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नु पर्ने कुनै काम गर्नको निमित्त आवश्यकतानुसार समिति वा उपसमितिहरू गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित समिति वा उपसमितिहरूको काम, कर्तव्य, अधिकार र कार्यविधि परिषद्ले तोके बमोजिम हुनेछ।

१२. खेलकूद विकास समिति : (१) नेपाल अधिराज्यमा खेलकूदको विकास गर्नको लागि प्रत्येक जिल्लामा तोकिए बमोजिम खेलकूद विकास समितिको गठन हुनेछ। सो समितिको प्रतिनिधित्व हुने गरी प्रत्येक विकास क्षेत्रमा तोकिए बमोजिमको क्षेत्रीय खेलकूद विकास समितिको गठन गरिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम क्षेत्रीय खेलकूद विकास समिति गठन गर्दा त्यस्तो समितिमा अन्य व्यक्तिहरुका अतिरिक्त देहायका व्यक्तिहरु समेत रहने छन्:-

(क) सम्बन्धित क्षेत्रका ख्याति प्राप्त खेलाडीहरु,

(ख) खेलकूद सम्बन्धी कार्यमा संलग्न विशेषज्ञहरु, र

(ग) सम्बन्धित क्षेत्रका स्कूल तथा क्याम्पसका शिक्षकहरु।

(३) उपदफा (१) बमोजिम गठित खेलकूद विकास समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१३. <u>परिषद र खेलकूद सम्बन्धी संस्थाको सम्बन्ध</u> : (१) परिषद्संग सम्बन्ध स्थापना गर्न चाहने खेलकूद सम्बन्धी संस्थाले परिषद्को लगतमा आफ्नो नाम दर्ता गराउनु पर्नेछ।

(२) परिषद्को लगतमा नाम दर्ता नभएको खेलकूद सम्बन्धी संस्थालाई परिषद्ले मान्यता दिने छैन र त्यस्तो खेलकूद सम्बन्धी संस्थालाई परिषद्ले आर्थिक वा अन्य कुनै पनि किसिमको सहयोग प्रदान गर्ने छैन।

१४. <u>नाम दर्ताको लागि दरखास्त दिनु पर्ने</u> : (१) परिषद्को लगतमा नाम दर्ता गराउन चाहने खेलकूद सम्बन्धी संस्थाले देहायका कुराहरु खुलाई परिषदमा नाम दर्ताको लागि दरखास्त दिनु पर्नेछ:-

(क) संस्थाको नाम र ठेगाना,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) संचालन गरिने खेलकूदको किसिम,

(ग) कार्यकारिणी समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा।

(२) उपदफा (१) बमोजिम दरखास्त दिंदा खेलकूद सम्बन्धी संस्थाले आफ्नो विधानको एकप्रति प्रतिलिपी समेत दरखास्त साथ संलग्न गरेको हुनु पर्नेछ।

१५. <u>खेलकूद सम्बन्धी संस्थाको नाम दर्ता गर्नसक्ने</u> : (१) दफा १४ बमोजिम नाम दर्ता गराउनको लागि खेलकूद सम्बन्धी संस्थाको दरखास्त परेमा त्यस्तो दरखास्त प्राप्त भएको मितिले पैंतीस दिन भित्र परिषद्ले आवश्यक जाँचबुझ गरी त्यस्तो खेलकूद सम्बन्धी संस्थालाई आफ्नो लगतमा नाम दर्ता गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम लगतमा नाम दर्ता गरेकोमा दर्ता गरिएको सूचना वा दर्ता गर्न नसकिने ठहरिएमा दर्ता गर्न नसकिने व्यहोराको सूचना परिषद्ले त्यस्तो खेलकूद सम्बन्धी संस्थालाई दिनु पर्नेछ।

१६. <u>हेरफेरको सूचना गर्नु पर्ने</u> : (१) यो ऐन बमोजिम परिषद्को लगतमा नाम दर्ता भएको खेलकूद सम्बन्धी संस्थाले दफा १४ बमोजिम नाम दर्ताको लागि दिएको दरखास्तमा उल्लेख भएको व्यहोरा वा दरखास्त साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नु परेको कारण सहितको सूचना पन्ध्र दिन भित्र परिषद्लाई दिनु पर्नेछ।

३५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि त्यस्तो हेरफेर गर्नु पर्ने कारण मनासिब देखेमा परिषद्ले त्यस्तो हेरफेरको व्यहोरा लगतमा जनाई लगत अद्यावधिक बनाई राख्नु पर्नेछ।

१७. खेलकूद सम्बन्धी संस्थाले हिसाबको श्रेस्ता राख्नु पर्ने : (१) खेलकूद सम्बन्धी संस्थाले आफ्नो आम्दानी खर्चको हिसाबको श्रेस्ता परिषद्ले तोकिदिएको ढाँचामा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खेलकूद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको जाँचबुझ परिषद्ले जहिलेसुकै पनि गराउन सक्नेछ।

(३) परिषद्ले उपदफा (२) बमोजिम खेलकूद सम्बन्धी संस्थाको श्रेस्ताको जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा त्यसरी अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न गराउन आवश्यक कारवाही चलाउनु पर्नेछ।

१८. परिषद्ले निर्देशन दिन र लगतबाट नाम कट्टा गर्न सक्ने : (१) परिषद्ले खेलकूद सम्बन्धी संस्थालाई खेलकूदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकूद सम्बन्धी संस्थाको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम परिषद्ले दिएको निर्देशनको पालन नगर्ने खेलकूद सम्बन्धी संस्था वा दफा १७ बमोजिम परिषद्ले

३८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तोकिदिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकूद सम्बन्धी संस्थाको नाम परिषद्ले आफ्नो लगतबाट कट्टा गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम परिषद्ले आफ्नो लगतबाट कुनै खेलकूद सम्बन्धी संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित खेलकूद सम्बन्धी संस्थालाई दिनु पर्नेछ।

१९. <u>परिषद्को स्वीकृति लिनु पर्ने</u> : खेलकूद सम्बन्धी संस्थाले अन्तर्राष्ट्रिय खेलकूद प्रतियोगिता वा अन्तर्राष्ट्रिय खेलकूद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा नेपाल अधिराज्यमा हुने खेलकूद प्रतियोगिता वा अन्तर्राष्ट्रिय खेलकूद विषयको सभा वा सम्मेलनमा अन्य देशको खेलाडी वा अधिकारीहरुलाई आमन्त्रण गर्न परिषद्को स्वीकृति लिनु पर्नेछ।

२०. <u>परिषदको कोष</u> : (१) परिषद्को आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) खेलकूद सम्बन्धी प्रशिक्षण प्रदान गरे बापत लिने शुल्क,

(ग) खेलकूद प्रदर्शन गरी आर्जन भएको रकम,

(घ) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरुप प्रदान गरेको रकम,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) अन्तर्राष्ट्रिय संघ संस्था, विदेशी सरकार वा एजेन्सीबाट प्राप्त रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) को खण्ड (ङ) अन्तर्गत रकम प्राप्त गर्न परिषद्ले श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

(३) परिषद्को नामबाट गरिने सबै खर्च कोषबाट व्यहोरिनेछ।

(४) परिषद्को कोषमा रहने रकम नेपाल राष्ट्र बैंक वा अन्य कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ।

(५) परिषद्को खाता संचालन तोकिए बमोजिम हुनेछ।

२१. <u>लेखा र लेखापरीक्षण</u> : (१) परिषद्को आय व्ययको लेखा तोकिए बमोजिम राखिनेछ।

(२) परिषद्को लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ।

(३) श्री ५ को सरकारले चाहेमा परिषद्को आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र अरु नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

33



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२. <u>सदस्यहरूको भत्ता</u> : (१) सदस्यहरूले परिषद्को बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछन्।

(२) सदस्यले परिषद्को काम विशेषले भ्रमण गर्नु परेमा तोकिए बमोजिमको भ्रमण तथा दैनिक भत्ता पाउनेछन्।

२३. <u>सदस्य-सचिवको पारिश्रमिक र भत्ता</u> : (१) सदस्य-सचिवले परिषद्मा पूरा समय काम गरे बापत तोकिए बमोजिमको मासिक पारिश्रमिक पाउनेछ।

(२) सदस्य-सचिवले भ्रमण गर्दा पाउने भ्रमण तथा दैनिक भत्ता तोकिए बमोजिम हुनेछ।

२४. <u>परिषद्को कर्मचारी</u> : (१) परिषद्ले आफ्नो कोषबाट खर्च व्यहोर्ने गरी आवश्यकतानुसार कर्मचारीहरू नियुक्ति गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त परिषद्का कर्मचारीहरूको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरू तोकिए बमोजिम हुनेछ।

२५. <u>अधिकार प्रत्यायोजन</u> : परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये सबै वा केही अधिकार आवश्यकतानुसार अध्यक्ष, उपाध्यक्ष, सदस्य-सचिव, कोषाध्यक्ष, सदस्य वा परिषद्का कुनै

४०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कर्मचारी वा समिति वा उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

२६. श्री ५ को सरकारले निर्देशन दिन सक्ने : (१) श्री ५ को सरकारले खेलकूदको विकास गर्नको लागि परिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम श्री ५ को सरकारले दिएको निर्देशनको पालन गर्नु परिषद्को कर्तव्य हुनेछ।

२७. सजाय : (१) परिषद्को कुनै कर्मचारीले जानी जानी वा लापरवाही गरी वा बदनियतसाथ परिषदलाई हानी नोकसानी पु-याएमा निजबाट बिगो असूल गरी निजलाई तीन महीनासम्म कैद वा तीनहजार रुपैयाँसम्म जरीवाना वा दुबै सजाय हुनेछ।

(२) परिषद्को कुनै कर्मचारीले परिषद्को लेखापरीक्षण गर्ने कार्यमा खटिएका लेखापरीक्षकलाई निजको काम काजमा बाधा अवरोध गरेमा वा निजले मागेको आवश्यक लिखत वा सूचना नदिएमा त्यस्तो कर्मचारीलाई दुईहजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(३) उपदफा (१) र (२) मा लेखिए देखि बाहेक परिषद्को कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको बर्खिलाप हुने गरी


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कुनै काम कारवाही गरेमा निजलाई एकहजार रूपैयाँसम्म जरिवाना हुनेछ।

२८. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य पूर्तिका लागि परिषद्ले श्री ५ को सरकारको स्वीकृति लिई आवश्यक नियमहरू बनाउन सक्नेछ।

२९. श्री ५ को सरकारसंग सम्पर्क : परिषद्ले श्री ५ को सरकारसंग सम्पर्क राख्दा शिक्षा तथा संस्कृति मन्त्रालय मार्फत राख्नेछ।

३०. खारेजी र बचाउ : (१) राष्ट्रिय खेलकूद परिषद् ऐन, २०२१ खारेज गरिएको छ र सो ऐन बमोजिम स्थापित खेलकूद परिषद्को सबै चल अचल सम्पत्ति परिषद्मा सर्नेछ।

(२) राष्ट्रिय खेलकूद परिषद् ऐन, २०२१ बमोजिम स्थापित राष्ट्रिय खेलकूद परिषद्सित भए गरेका सबै ठेक्का पट्टा तथा सम्झौताहरू परिषद्सित भए गरेको मानिने छ र सो राष्ट्रिय खेलकूद परिषद्बाट भए गरेका सम्पूर्ण काम कारवाही परिषद्बाट भए गरेको मानिनेछ।

(३) राष्ट्रिय खेलकूद परिषद् ऐन, २०२१ बमोजिम राष्ट्रिय खेलकूद परिषद्को लगतमा नाम दर्ता भएका खेलकूद सम्बन्धी संस्थाहरूको नाम दर्ता यसै ऐन बमोजिम भए गरेको मानिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) राष्ट्रिय खेलकूद परिषद् ऐन, २०२१ बमोजिम विभिन्न मितिमा गठित खेलकूद विकास समितिहरू यो ऐन बमोजिम अर्को खेलकूद विकास समितिहरू गठन नभएसम्म कायम रहनेछन्।

लालमोहर सदर मिति :– २०४६।१।१७।४

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।